## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०२/२८ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु नेपाल आयल निगम लिमिटेड केन्द्रिय कार्यालय काठमाण्डौमा उप-निर्देशक (नवौं तह) पदमा कार्यरत चितरंजन दास समेत ६ जना मु.नं (०८१-CR-०११२) फैसला मिति २०८२/१० /२९ | सार्वजनिक सम्पत्तिको हिनामिना, हानी नोक्सानी गरी भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>• **नेपाल आयल निगम लिमिटेड गण्डकी प्रादेशिक कार्यालय गगनगौंडा कास्कीका प्रादेशिक प्रमुख चितरंजन दासले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो रू.४,४८,५२५।८२(अक्षरेपी चार लाख अठ्चालिस हजार पाँच सय पच्चिस रुपैया बयासी पैसा) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिबाना गरी निज प्रतिबादीबाट हिनामिना, हानिनोक्सानी एंव दुरूपयोग गरे गराएको उल्लिखित बिगो समेत सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन मागदावी लिईएको देखिन्छ।<br>• **जिल्ला कास्की तालचोक स्थित पश्चिमाञ्चल ट्रेडर्स तथा उक्त कम्पनीका सञ्चालक बाबुराम जमरकट्टेलले** भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा २२ बमोजिमको मतियार भई कसूर गरेकोले निज प्रतिवादीलाई बिगो रू.४,४८,५२५।८२(अक्षरेपी चार लाख अठ्चालिस हजार पाँच सय पच्चिस रुपैया बयासी पैसा) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिबाना गरी निज प्रतिबादीबाट हिनामिना, हानिनोक्सानी एंव दुरूपयोग गरे गराएको उल्लिखित बिगो समेत सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक बाक्यांँश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदावी लिएको देखिन्छ।<br>• **गण्डकी धौलागिरी पेट्रोलियम एसोसियनका तत्कालीन प्रतिनिधी जगन्नाथ ढुङ्गाना र लक्ष्मुमन रानाभाटले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा | **फैसलाः**<br>केही प्रतिवादीहरुलाई सफाई दिने गरी र केही प्रतिवादीहरुलाई दफा परिवर्तन गरि सजाय गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• प्रतिवादीहरुले अनुसन्धानको क्रममा र बिशेष अदालतमा बयान गर्दा पश्चिमाञ्चल ट्रेडर्स प्रा.लि.ले डिजेल अर्डर गरेको र बिल तिरेको १२००० लिटरको र सो भन्दा बढी ३०३८ लिटर बढी डिजेल ट्यांकर नं. ग २ ख ८३६नम्बरको ट्रकमा लोड भएको र उक्त ट्रक प्रहरीको टोली सहितले नियन्त्रणमा लिएको कुरालाई स्वीकार गरेको देखिएको।<br>• वारदात मिति २०८०।४।२५ गतेमा समेत चितरंजन दास र पश्चिमाञ्चल ट्रेडर्सका बाबुराम जमरकट्टेलको बिचमा पटकपटक फोन सम्पर्क भएको कुरा कल डिटेल विवरणबाट खुल्न आएको देखिएको।<br>• कार्यालय प्रमुखको जिम्मेवारीमा रहेका प्रतिवादी चितरंजन दासले आफू डिपोमा गएपछि इन्धन भर्ने र मापन गर्नेसमेतको काममा आफै संलग्न हुने गरेको र वारदातको दिनमा समेत उल्लिखित ट्रकमा डिजेल लोड गर्ने तथा सोको मापन गर्ने काममा संलग्न रहेको भन्ने तथ्य मिसिल संलग्न प्रमाणहरुबाट देखिएको।<br>• रकम तिरिएको स्वीकृत बिलमा उल्लिखित परिमाणभन्दा बढी डिजेल ट्याङ्कर ट्रकमा भरिभराई लैजाने कार्यमा प्रतिवादी बाबुराम जमरकट्टेलको अन्योन्याश्रित व्यवसायिक स्वार्थ सम्बन्धित रहेको देखिएको। | • सर्वप्रथम नेपाल आयल निगम लिमिटेड गण्डकी प्रादेशिक कार्यालय गगनगौंडा कास्कीका प्रादेशिक प्रमुख चितरंजन दासको हकमा हेर्दाः साविक पोखरा महानगरपालिका वडा नं.३० कास्की, पावरहाउस स्थित नेपाल आयल निगम गण्डकी प्रादेशिक कार्यालय गगनगौंडा पोखराबाट पेट्रोलियम पदार्थ (डिजेल) लोड गरी पश्चिमाञ्चल ट्रेडर्स तर्फ जाँदै गरेको चालक निर्मल थापाले चलाएको ग २.ख ८३६ नम्बरको ट्याङ्कर बिल भौचरमा उल्लेख भए भन्दा बढी परिमाण पेट्रोलियम पदार्थ बोकेको ट्याङकर रहेको भन्ने गोप्य सुचनाको आधारमा इलाका प्रहरी कार्यालय हंसपुर डाँडाकोनाक, इलाका प्रहरी कार्यालय, हंसपुर डाँडाकोनाक, स्थानीय तहका जनप्रतिनिधि, गुणस्तर तथा नापतौलका प्राविधिक कर्मचारीको संयुक्त अनुगमन टोलीले मिति २०८०।०४।२५ गतेका दिन करिब १५.०० बजेको समयमा १२०००।–(बाह्र हजार) लिटर डिजल उल्लेख भएको बिल समेत बोकेको ट्याङकरलाई नियन्त्रणमा लिई मापन गर्दा बिल भौचरमा उल्लेख भएको भन्दा करिव ३,०००।–(तिन हजार लिटर) परिमाणमा पेट्रोलियम पदार्थ (डिजेलको जस्तो गन्ध आउने प्रज्वलनशील पदार्थ) बढी मापन हुन आएको भन्ने समेत बेहोराको उजुरीको आधारमा अनुसन्धान प्रारम्भ भएको प्रस्तुत मुद्दामा टंयाकर ट्रक चालक निर्मल थापाले चलाएको ग २.ख ८३६ नं. टंयाकरको ४ वटा डिब्बा रहेको पेट्रोलियम पदार्थको परिमाणको Deepth रडले नाप लिंदा उक्त डिब्वाहरू मध्ये अगाडी देखि पहिलो डिब्बामा (चेम्बरमा) हुनुपर्ने Oil Deepth ११० रहेको परिमाण १३८, अगाडी देखि दोस्रो डिब्बा चेम्बरमा हुनुपर्ने Oil Deapth १०९.२ रहेको परिमाण १३८, अगाडी देखि तेस्रो डिब्बा चेम्बरमा हुनुपर्ने Oil Deepth ११०.२ रहेको परिमाण १३८, अगाडिबाट चौथो डिब्बा चेम्बरमा हुनुपर्ने Oil Deepth १०८.८ रहेको १३८ डिजलजस्तो गन्ध आउने पेट्रोलियम पदार्थ पाईएको तथ्य मौकाको खानतलासी बरामदी मुचुल्का एवं प्रहरी निरीक्षक भगवान राज थापासमेतको प्रतिवेदनबाट पुष्टि भएको देखिन्छ। उक्त प्रतिवेदनलाई पुष्टि हुने गरि प्रतिवेदक श्रीधर लामिछाने, भगवान राज थापा, नन्दकिशोर चौधरीले अदालतमा गरेको बकपत्र समेतवाट यि प्रतिवादीहरु विरुद्धको कसूर पुष्टि भई रहेको अवस्थामा नेपाल आयल निगम लिमिटेड, गण्डकी प्रादेशिक कार्यालय गगनगौंडा कास्कीका प्रादेशिक प्रमुख चितरंजन दासलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २१ अन्तर्गत भ्रष्टाचारजन्य कसूरको उद्योगको कसूरमा ५ महिना कैद र मागदावी गरिएको जम्मा विगो रू.४,४८,५२५।८२(अक्षरेपी चार लाख अठ्चालिस हजार पाँच सय पच्चिस रुपैया बयासी पैसा) लाई दामासाही गरि कम विगो कायम गरि सोही अनुसार कम सजाय रु.५६,०६५।७२ जनही जरिबाना हुने ठहर गरि भएको फैसला Purposive Intent of Legislative बिरुद्ध भई बदर भागी छ।<br>• नेपाल आयल निगम लिमिटेड गण्डकी प्रादेशिक कार्यालय गगनगौंडा कास्कीका प्रादेशिक प्रमुख चितरंजन दासले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा भष्टाचारजन्य कसूर गरेकोमा ईन्कार गरी बयान गरेतापनि मिति २०८०।०४।२५ गतेका दिन २/३ बजेसम्म म कार्यालयमा नै थिएँ उक्त दिन डिजेल लोड गर्न आएको ग २.ख ८३६ नम्बरको ट्याङ्करको गेट पास र Billing/ Filling Advice को Approved मा भएको हस्ताक्षर मेरो हो भनि सनाखत समेत गरेको देखिंदा निज प्रतिवादीको बदनियत पुष्टी थप भएको देखिन्छ। यसरी नेपाल आयल निगम लिमिटेड, गण्डकी प्रादेशिक कार्यालय पोखराका कार्यालय प्रमुख चितरंजन दाससमेतले अन्य प्रतिवादीहरु ट्याङ्कर चालक निर्मल थापा, गण्डकी धौलागिरी पेट्रोलियम डिलर्स एसोसियनका तत्कालीन प्रतिनिधि जगन्नाथ ढुङ्गाना, पश्चिमाञ्चल ट्रेडर्सको तत्कालीन सञ्चालक पदमा कार्यरत बाबुराम जमरकट्टेल, गण्डकी धौलागिरी पेट्रोलियम डिलर्स एशोसिएसनबाट खटिएका तत्कालीन कर्मचारी लक्ष्मुमन रानाभाट,पोखरा महानगरपालिका वडा नं. २७, डाँडाकोनाक, कास्कीस्थित प्राइभेट फर्म रजिष्ट्रर नं. ५३०४२।०५६।०५७ स्थायी लेखा नं. ३०३७५३५०८ सम्पर्क नं.०६१-५६०२८१) भएको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | मतियार भई कसुर गरेकाले सोही ऐनको दफा २२ बमोजिमको कसूरमा बिगो रू.४,४८,५२५।८२(अक्षरेपी चार लाख अठ्चालिस हजार पाँच सय पच्चिस रुपैया बयासी पैसा) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम सजाय गरि, सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिबाना गरी निज प्रतिबादीहरुले हिनामिना, हानिनोक्सानी एंव दुरूपयोग गरे गराएको उल्लिखित बिगो समेत सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुने समेतको मागदावी लिएको देखिन्छ।<br>• **टयांकर नं. ग २ ख ८३६नम्बरको टयाङ्कर चालक निर्मल थापाले** भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक बाक्यांँश बमोजिम मतियार तर्फ निज प्रतिवादीलाई बिगो रू.४,४८,५२५।८२(अक्षरेपी चार लाख अठ्चालिस हजार पाँच सय पच्चिस रुपैया बयासी पैसा) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम सजाय गरी निज प्रतिबादीबाट हिनामिना, हानिनोक्सानी एवं दुरूपयोग गरे गराएको उल्लिखित बिगो समेत सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुने समेतको आधार मानी ऐनको दफा २२ को प्रतिवन्धात्मक बाक्यांँश बमोजिम प्रतिवादीलाई मुख्य कसूरदार सरह सजाय गर्न मागदावी लिएको देखिन्छ। | • आरोपदावीमा उल्लेख भएबमोजिम बिगो रू.४,४८,५२५।८२(अक्षरेपी चार लाख अठ्चालिस हजार पाँच सय पच्चिस रुपैया बयासी पैसा) बराबरको बढी डिजेल पश्चिमाञ्चल ट्रेडर्सको पम्पमा लैजाने क्रममा बढी डिजेल ३०३८ लिटर गन्तव्यमा नपुग्दैको अवस्थामा बीच बाटोमा नै बरामद भएको देखिंदा प्रतिवादी चितरंजन दासले दफा १७ को कसूरको दफा २१ बमोजिम उद्योगको कसूर गरेको र विगोको आधा रु.२,२४,२६२।९१ बिगो कायम भई दामासाहीले जरिबाना हुने।<br>• प्रतिवादीहरुले बढी परिमाणको डिजेल वापतको लाभ प्राप्त गरिसकेको अवस्था नदेखिएको र उक्त डिजेल कास्की जिल्ला अदालतको आदेशानुसार नेपाल आयल निगमको सम्बन्धित डिपोलाई फिर्ता गरिएको देखिएकोले बिगो भराउनु परेन।<br>• प्रतिवादीद्वय जगन्नाथ ढुङगाना र लक्ष्मन रानाभाटले आरोपित कसूरमा इन्कारी रही बयान गरेको र निजहरुले अन्य प्रतिवादीहरुसंग मिलेमतो गरी बढी डिजेल लोड गर्ने वा सोको परिमाण मापन गर्ने कार्य समेत गरेको भन्ने तथ्य पुष्टि हुने बस्तुनिष्ठ प्रमाणको अभाव रहेको देखिएको। | पश्चिमाञ्चल ट्रेडर्स सँगको मिलोमतो तथा योजनामा आफू समेतलाई गैरकानूनी लाभ पुऱ्याउने र आफ्नो जिम्मा रहेको सार्वजनिक निकाय नेपाल आयल निगमको सम्पत्तिको गैरकानूनी तवरले हिनामिना, हानि नोक्सानी तथा दुरूपयोग गर्ने गराउने बदनियतले मिति २०८०।०४।२५ गतेका दिन पश्चिमाञ्चल ट्रेड्सको ग २.ख ८३६ नम्बरको टैंकट्रकमा पेट्रोलियम पदार्थ (डिजेल) लोड गर्दा अर्डर अनुसार स्वीकृत भएको Invoice no ८१०४-४००००११८७ को मिति २०८०।०४।२५ बिल अनुसार १२,००० लिटर तेल लोड गर्नुपर्नेमा १५०३८ लिटर लोड गरी बिलमा उल्लेख भए भन्दा बढी ३,०३८।–लिटर तेल भरी दिई पठाएको तथ्य स्थापित भएको देखिन्छ। उक्त मिति २०८०।०४।२५ गतेको डिपो एक्स मूल्य प्रतिलिटर डिजेलको रु.१४७.६३८५२ अनुसार जम्मा रु. ४,४८,५२५।८२ को पेट्रोलियम पदार्थ (डिजेल) सप्लाई गरी सार्वजनिक संस्था नेपाल आयल निगम लिमिटेड, गण्डकी प्रादेशिक कार्यालय पोखराको सम्पति हानी नोक्सानी र आफुहरूलाई लाभ हुने गरी कार्य गरे गराएको र सो तथ्य उजुरी पश्चात मौकामा गरिएको खानतलासी बरामदी मुचुल्का एवं नाप जाँच प्रतिवेदन समेतवाट पुष्टि भई रहेको अवस्था निज प्रतिवादी चितरंजन दास समेतलाई आरोपदावी बमोजिम सजाय गर्नु पर्नेमा प्रतिवादी चितरंजन दासलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २१ अनुसार उद्योग तर्फको कसूरमा ५ महिना कैद र दामासाहीले हुन आउने विगो रु.५६,०६५।७२ जरिबाना हुने, अन्य प्रतिवादीहरुलाई निर्मल थापा, बाबुराम जमरकट्टेल र पश्चिमाञ्चल ट्रेडर्सलाई दफा २२ अनुसार मतियारतर्फ दामासाहीले हुन आउने विगो जनही जरिबाना रू.५६,०६५/७२ (छपन्न हजार पैंसठ्ठी रुपैंयाँ बहत्तर पैसा) हुने एवं प्रतिवादीहरु जगन्नाथ ढुङगाना र लक्ष्मन रानाभाटलाई सफाई हुने ठहर गरि भएको फैसला त्रुटिपुर्ण देखिंदा सो हदसम्म बदर भागी छ।<br>• मिति २०८०।०४।२५ गतेका दिन पश्चिमाञ्चल ट्रेडर्सको ग २.ख ८३६ नम्बरको टैंकट्रकमा पेट्रोलियम पदार्थ (डिजेल) लोड गर्दा अर्डर अनुसार स्वीकृत भएको Invoice no ८१०४-४००००११८७ को मिति २०८०।०४।२५ बिल अनुसार १२,००० लिटर तेल लोड गर्नुपर्नेमा १५०३८ लिटर लोड गरी बिलमा उल्लेख भए भन्दा बढी ३,०३८।-लिटर तेल भरी दिई पठाएको कसूरजन्य कार्यमा नेपाल आयल निगम लिमिटेड, गण्डकी प्रादेशिक कार्यालय, गगनगौंडा कास्कीका तत्कालीन प्रादेशिक प्रमुख प्रतिवादी चितरंजन दासले अन्य प्रतिवादीहरु सँगको मिलोमतोमा मिति २०८०।०४।२५ गतेको दिन कार्यालयमा जडान भएको CCTV लाई बिहान ११:४८ बजेदेखि मिति २०८०।०४।२९ गतेको अपरान्ह १५:३२ बजेसम्म मुख्य स्वीच बन्द गरी पश्चिमाञ्चल ट्रेडर्सको स्वामित्वमा रहेको टैंकट्रक नं. ग २.ख ८३६ बाट कर बिजक अनुसार १२,०००(बाह्र हजार) डिजल खरिद गरी लगेकोमा टैंकट्रक लोड भई शिल लगाई गेटपास स्वीकृत गरी डिपोबाट बाहिर जान इजाजत दिएको देखिन्छ।पश्चिमाञ्चल ट्रेडर्सका सञ्चालक प्रतिबादी बाबुराम जम्मरकट्टेलले मिति २०८०।०४।२५ गते दिन १२००० लिटर पेट्रोलियम पदार्थको अर्डर स्वीकृत भएपश्चात नेपाल आयल निगमको खातामा IPS गरेर पैसा जम्मा गरेपछी बिल भौचर तयार भई पेट्रोलियम पदार्थ लिन पठाएकोमा अन्य प्रतिबादीहरू संगको मिलोमतोमा टैङकट्रक नं. ग २.ख ८३६ बाट कर बिजक अनुसार १२,००० (बाह्र हजार) डिजल खरिद गरी लगेकोमा टैंकट्रक लोड भई शिल लगाई गेटपास स्वीकृत गरी गराई डिपोबाट बाहिर लगेको देखिन्छ। यसै गरि गण्डकी धौलागिरी पेट्रोलियम एशोसियनका तत्कालीन प्रतिनिधी जगन्नाथ ढुङ्गाना र लक्ष्मन रानाभाटले नेपाल सरकारको सार्वजनिक संस्था नेपाल आयल निगम लिमिटेड, गण्डकी प्रादेशिक कार्यालय गगनगौंडाको सम्पत्तिको हिनामिना हानिनोक्सानी तथा दुरूपयोग गर्ने बदनियतले प्रतिबादी जगन्नाथ ढुंगाना टैंकट्रक डिप गर्दा रहने डिलर्स प्रतिनिधिको रूपमा रही र प्रतिबादी लक्ष्मन रानाभाट टैंक ट्रक सिल गर्ने डिलर्स एशोसिएशनको प्रतिनिधिको रूपमा रही मिति २०८०।०४।२५ गतेका दिन १२००० लिटर पेट्रोलियम पदार्थको अर्डर स्वीकृत भए पश्चात नेपाल आयल निगमको खातामा IPS गरेर पैसा जम्मा गरेपछी बिल भौचर तयार भई पेट्रोलियम पदार्थ लिन पठाएकोमा अन्य प्रतिबादीहरू संगको मिलोमतोमा टैङकट्रक नं. ग २.ख ८३६ बाट कर बिजक अनुसार १२,०००(बाह्र हजार) डिजल |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | खरिद गरी लगेकोमा टैंकट्रक लोड भई शिल लगाई गेटपास स्वीकृत गरी डिपोबाट बाहिर गएकोमा पोखरा महानगरपालिका वडा नं. २७ डाँडाकोनाकमा नियन्त्रणमा लिई चेकजाँच गर्दा १५०४८ लिटर लिएर गएको देखिंदा डिजलको डिपो एक्स मूल्य प्रतिलिटर डिजेलको रु.१४७.६३।-अनुसार जम्मा रु. ४,४८,५२५।८२ (अक्षरेपी चार लाख अड्चालिस हजार पाँचसय पच्चिस रुपैंया बयासी पैसा मात्र) सार्वजनिक संस्था नेपाल आयल निगम लिमिटेड, गण्डकी प्रादेशिक कार्यालय गगनगौंडालाई गैरकानूनी हानी नोक्सानी एवं हिनामिना पुऱ्याएको तथ्य मिसिल संलग्न जिल्ला प्रशासन कार्यालय, कास्कीको पत्र तथा उक्त पत्र साथ प्राप्त खानतलासी तथा बरामदी मुचुल्का, प्र.नि भगवान राज थापासमेतको दाखिला प्रतिवेदन, कल डिटेल रेकर्ड (CDR), गेट पास, नेपाल आयल निगम, गण्डकी प्रादेशिक कार्यालय पोखरा कास्कीबाट प्राप्त हुन आएको मिति २०८०।०४।२५ गते ग २.ख ८३६ नम्बरको ट्याङ्करमा पेट्रोलियम पदार्थ बिक्री गर्दाको बिल भरपाई, Billing/Filling Advice लगायतका कागजात विवरणहरु, नेपाल गुणस्तर तथा नापतौल विभाग, गुणस्तर तथा नापतौल कार्यालय पोखराको खुलाई पठाएको पत्र, गुणस्तर तथा नापतौल कार्यालय कास्कीका सहायक निरीक्षक नन्द किशोर चौधरी, प्र.नि भगवान राज थापाले अधिकार प्राप्त अधिकारी समक्ष गरेको घटना विवरण कागज, प्रतिवादीहरु/शंकितहरु चितरंजन दास, बाबुराम जमरकट्टेल, जगन्नाथ ढुङ्गाना, लक्ष्मुमन रानाभाट, निर्मल थापासमेतले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयानसमेतका प्रमाणहरुबाट पुष्टि भईरहेको अवस्थामा प्रतिवादीहरु जगन्नाथ ढुङगाना र लक्ष्मुमन रानाभाटलाई सफाई हुने ठहर गरि र अन्य प्रतिवादीहरु चितरंजन दास, पश्चिमाञ्चल ट्रेडर्स र सोका सञ्चालक प्रतिबादी बाबुराम जम्मरकट्टेल र निर्मल थापालाई उद्योगको मतियारतर्फ कसूर परिणत गरि कम सजाय हुने ठहर गरि भएको फैसला त्रुटिपुर्ण देखिंदा बदर भागी छ।<br>• अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखराको च.नं. ६७१२४ मिति २०८१।०२।०८ को पत्रबाट मिति २०८०।०४।२५ गते अपरेशन पोइन्टको जिम्मेवारी कसलाई दिइएको वा कसले उक्त कार्यको जिम्मेवारी निर्वाह गरेको सम्बन्धमा स्पष्ट खुल्ने गरी विवरण खुलाई पठाउन भनी नेपाल आयल निगम लिमिटेड, गण्डकी प्रादेशिक कार्यालय पोखरालाई पत्राचार गरेकोमा च.नं. ९९१ मिति २०८१।०३।०६ गतेको पत्रसाथ संलग्न च.नं. १४९ मिति २०८०।०४।३० गतेको पत्रबाट बुँदा नं ३ बमोजिम मिति २०८०/०४/२५ का दिन टैंकर नं. ग २.ख ८३६ डिपो प्रवेश गरे देखि लोड भई गेट बाहिर निस्किंदासम्म जिम्मेवारीमा रहेका कर्मचारीको विवरणमा ग २.ख ८३६ नम्बरको ट्याङ्कर डिपो प्रवेश गरेपश्चात फिलिङ एड्बाईस तयार गर्ने/टैंकट्रक डिपो प्रवेश गराउने सुरक्षा गार्ड रामशरण थापा, टैंकट्रक भर्ने टैंकरका चालक निर्मल थापा, टैंकर लोडिङ्ग भई सकेपश्चात डिप गर्ने/फिलिङ एड्भाईस स्वीकृत गर्ने/डेलिभरी स्लिपमा सहिछाप गर्ने/डिपो बाहिर निस्कने गेट पासमा सहिछाप गर्ने कार्यालय प्रमुख चितरंजन दास, टैंक ट्रकको डिप गर्दा (ट्याङकर/ट्रकमा फ्यूल लोड तथा अपलोडको परिमाण मापन गर्दा) रोहबरमा रहने डिलर्स एशोसियनका प्रतिनिधी जगन्नाथ ढुङ्गाना, ट्रक टैंक शिल गर्ने डिलर्स एशोसिएनको प्रतिनिधी लक्ष्मुमन रानाभाट रहेको देखिएकोले यि प्रतिवादीहरु जगन्नाथ ढुंगाना र लक्ष्मुमन रानाभाटको समेत संलग्नता विना मिति २०८०।०४।२५ गतेका दिन पश्चिमाञ्चल ट्रेड्रसको ग २.ख ८३६ नम्बरको टैंकट्रकमा पेट्रोलियम पदार्थ (डिजेल) लोड गर्दा अर्डर अनुसार स्वीकृत भएको Invoice no ८१०४-४००००११८७ को मिति २०८०।०४।२५ बिल अनुसार १२,००० लिटर तेल लोड गर्नुपर्नेमा १५०३८ लिटर लोड गरी बिलमा उल्लेख भए भन्दा बढी ३,०३८।–लिटर तेल भरी दिई पठाएको कसूरजन्य कार्य संभव हुने अवस्था थिएन भन्ने तथ्य प्रमाणित भई रहेको अवस्था देखिंदा देखिंदै निज प्रतिवादीहरु जगन्नाथ ढुंगाना र लक्ष्मुमन रानाभाटलाई आरोपदावीबाट सफाई हुने ठहर गरि भएको फैसला त्रुटीपुर्ण देखिंदा बदर भागी छ।<br>• नेपाल आयल निगम लिमिटेड पेट्रोलियम पदार्थ विक्रेता नियमावली,२०७५ को परिच्छेद–५ मा पेट्रोलियम पदार्थ विक्री, कारोवार थप तथा अन्य ब्यवस्था गरिएको छ। जसमा विनियम २३ मा पेट्रोलियम पदार्थको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | विक्री शीर्षकमा उपविनियम (१) मा निगमबाट नियुक्त बिक्रेताले निगमद्वारा स्वीकृती लिई उपलब्ध गराईएको पेट्रोलियम पदार्थको मात्र विक्री वितरण गर्नु पर्नेछ। उपविनियम (२) मा निगमले विक्रेतालाई व्दार मूल्य (Ex-Depot) मूल्य अनुसार पेट्रोलियम पदार्थको विक्री गर्नेछ।उपविनियम (३) मा उपविनियम (२) बमोजिम पेट्रोलियम पदार्थ खरिद गर्दा बिक्रेताले पेट्रोलियम पदार्थको परिमाण तथा गुणस्तर निगम कर्मचारीको रोहवरमा एकिन गरी आफू वा आफ्नो प्रतिनिधि मार्फत बुझी सहीछाप गरी लिनुपर्नेछ भनी कानूनी व्यवस्था रहेको देखिन्छ। उक्त कानूनी व्यवस्था अनुसार टैंक ट्रकको डिप गर्दा (ट्याङकर/ट्रकमा फ्यूल लोड तथा अपलोडको परिमाण मापन गर्दा) रोहबरमा रहेका डिलर्स एशोसियनका प्रतिनिधी जगन्नाथ ढुङ्गाना, ट्रक टैंक सिल गर्ने डिलर्स एशोसिएनको प्रतिनिधी लक्ष्मन रानाभाटले उपविनियम (३) बमोजिम वारदातको दिन पश्चिमाञ्चल ट्रेडर्सका सञ्चालक बाबुराम जमरकट्टेलको अनुपस्थितिमा उक्त टेड्रसका चालक निर्मल थापालाई ग २.ख ८३६ नम्बरको टैंकट्रकमा लोड भएको पेट्रोलियम पदार्थ डिजेलको परिमाण समेत एकिन गरी बुझी मात्र उक्त टैंकट्रक पठाउनु पर्नेमा उक्त जिम्मेवारी पुरा नगरी प्रतिवादी चितरन्जन दास समेतसंग मिलेमतो गरी तोकिएको डिजेलको परिमाण भन्दा ३,०३८।–लिटर बढी डिजेल भरि भराई टैंकट्रक बाहिर पठाई रु. ४,४८,५२५।८२ हानी नोक्सानी पुर्याएको तथ्य निज प्रतिवादीद्वय जगन्नाथ ढुङ्गाना र लक्ष्मन रानाभाटलाई कानून बमोजिम तोकीएको जिम्मेवार विपरित निजहरुले गरेको कार्यवाट नै प्रतिवादीहरुको कार्यकसूर पुष्टि भई रहेको देखिंदा देखिंदै सो तथ्य तथा प्रमाणलाई नजरअन्दाज गरि निज प्रतिवादीद्वय जगन्नाथ ढुङ्गाना र लक्ष्मन रानाभाटलाई आरोप दावीवाट सफाई हुने ठहर गरि भएको फैसला त्रुटीपुर्ण हुँदा बदर भागी छ।<br>• प्रस्तुत वारदातमा प्रतिवादीहरुले गरेको कार्य कसूर Conduct Element वाट निज प्रतिवादीहरुले नेपाल आयल निगमलाई ३०३८ लिटर डिजेलको मुल्य रु. ४,४८,५२५।८२ हानी नोक्सानी पुर्याउने पुर्व योजना तथा मिलोमतो बमोजिम पश्चिमाञ्चल ट्रेडर्सका सञ्चालक बाबुराम जमरकट्टेलको ग २.ख ८३६ नम्बरको ट्याङ्करमा १२,००० लिटर तेल लोड गर्नुपर्नेमा १५०३८ लिटर लोड गरी १२,००० लिटर कै Document तयार गरि उक्त ट्याङ्करलाई आफ्नो Custody वाट Pass out गरि सकेको र तत्काल परेको गोप्य सुचनाको आधारमा इलाका प्रहरी कार्यालय, हंसपुर डाँडाकोनाक, स्थानिय तहका जनप्रतिनिधि, गुणस्तर तथा नापतौलका प्राविधिक कर्मचारीको संयुक्त अनुगमन टोलीले मिति २०८०।०४।२५ गतेका दिन करिब १५.०० बजेको समयमा नियन्त्रमा लिई खानतलासी गर्दा उक्त बढी डिजेल फेला परेको देखिंदा यि प्रतिवादीहरुले भ्रष्टाचारजन्य पूर्ण अपराध (Complete Crime) गरेको देखिन्छ।नेपाल आयल निगम लिमिटेड पेट्रोलियम पदार्थ विक्रेता नियमावली,२०७५ विनियम २३ को उपविनियम (४) मा डिपो परिसरबाट बाहिर गइसके पश्चात् सोको सम्पूर्ण जिम्मेवारी बिक्रेताको नै हुनेछ र त्यस्तो पेट्रोलियम पदार्थ फिर्ता हुने छैन भन्ने कानूनी व्यवस्था रहेकोले यि प्रतिवादीहरुको कार्यवाट Complete Crime भैसकेको देखिंदा देखिंदै उक्त ट्याङ्कर पेट्रोलियम डिपोमा नपुगेको भन्ने मात्र आधारमा प्रतिवादीहरुलाई कम सजाय गर्ने उद्देश्यले पुर्ण अपरालाई अपुर्ण अपराध (Inchoate Crime)उद्योगको कसूरमा (Attempt to Crime) परिणत गरि निज प्रतिवादीहरु चितरंजन दास, बाबुराम जमरकट्टेल, निर्मल थापालाई दावी गरेको विगो ४,४८,५२५।८२ लाई पहिला आधा गरि हुन आउने रु.२,२४,२६२।९१ रकमलाई पुनः चितरंजन दास, वावुराम जमरकट्टेल, निजको कम्पनी पश्चिमाञ्चल ट्रेडर्स र निर्मल थापालाई दामासाही गरि जनही रु. ५६,०६५।७२ जरिबाना र प्रतिवादी चितरन्जन दासलाई ५ महिना कैद गर्ने एवं अन्य प्रतिवादीहरु जगन्नाथ ढुङ्गाना र लक्ष्मन रानाभाटलाई आरोप दावीवाट सफाई हुने ठहर गरि भएको फैसला त्रुटीपुर्ण हुँदा बदर भागी छ।<br>• नेपाल आयल निगम लिमिटेड पेट्रोलियम पदार्थ विक्रेता नियमावली,२०७५ विनियम २३ को उपविनियम (४) मा डिपो परिसरबाट बाहिर गइसके पश्चात् सोको सम्पूर्ण जिम्मेवारी बिक्रेताको नै हुनेछ र त्यस्तो पेट्रोलियम पदार्थ फिर्ता हुने छैन भन्ने कानूनी व्यवस्था अनुसार यि प्रतिवादीहरुको मिलेमतोमा पश्चिमाञ्चल ट्रेडर्सका सञ्चालक बाबुराम जमरकट्टेलको चालक निर्मल थापाले ग २.ख ८३६ नम्बरको टैंकट्रकमा लोड |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | भएको पेट्रोलियम पदार्थ डिजेल नेपाल आयल निगमको डिपो परिसरबाट बाहिर लगिसकेको अवस्था देखिएको छ। उक्त बिषयमा उजुरी परि इलाका प्रहरी कार्यालय, हंसपुर डाडाँकोनाकको प्रहरी कर्मचारीहरु समेतको अनुगमन टोलीले खानतलासी बरामदी मुचुल्का तयार गरेको र सो प्रमाणहरुको आधारमा ३०३८ लिटर डिजेल प्रतिवादीहरुले बढी लोड गरि डिपो बाहिर पुर्याई सकेको अवस्था तत्काल परिचालन भएको अनुगमन टोलीले नियन्त्रणमा लिईएको अवस्था भएपनि प्रतिवादीहरुको सो कार्यवाट नेपाल आयल निगमको स्टक अभिलेख र निगमको साँखमा प्रत्यक्ष नोक्सानी भएकोमा यिनै प्रतिवादीहरु उपर कास्की जिल्ला अदालतमा चलेको फौजदारी मुद्दामा भएको फैसलामा उक्त डिजेल डिपोमा फिर्ता भएको भन्ने आधार ग्रहण गरि विगो भराउने नपर्ने गरि विशेष अदालतबाट भएको फैसला त्रुटीपुर्ण देखिंदा बदर भागी छ।<br>• **अतः** माथी उल्लेखित आधार कारणहरु तथा मिसिल संलग्न प्रमाणहरुका आधारमा प्रतिवादी चितरंजन दास, बाबुराम जम्मरकट्टेल, पश्चिमाञ्चल ट्रेडर्स र निर्मल थापा समेतलाई आंशिक सजाय गर्ने र प्रतिवादीहरु जगन्नाथ ढुङ्गाना, लक्ष्मुमन रानाभाटलाई आरोप दावीवाट सफाई हुने ठहर गरि विशेष अदालतवाट भएको फैसला त्रुटीपुर्ण देखिंदा उक्त फैसला बदर गरि निज प्रतिवादीहरुलाई आरोप दावी बमोजिम सजाय गरि पाउन सम्मानित अदालतसमक्ष सादर अनुरोध गरिन्छ। |